REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 25.11.2024

PM Cooperative Conference

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भारतले आफ्नो भविष्यको विकासमा सहकारिताको ठूलो भूमिका देखिरहेको कुरामाथि जोड़ दिनुभयो। प्रधानमन्त्रीले नयाँ दिल्लीको भारत मण्डपममा अन्तरराष्ट्रिय सहकारिता गठबन्धन (ICA) वैश्विक सहकारी सम्मेलनको उदघाटन पछि कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो, सहकारिता केवल नमूनामात्र नभएर भारतीय संस्कृतिको आधार हो। उहाँले अझ भन्नुभयो, भारतमा सहकारिता विचारबाट आन्दोलनमा, आन्दोलनबाट क्रान्तिमा अनि क्रान्तिबाट सशक्तिकरणमा परिवर्तन भएको छ। प्रधानमन्त्रीले भारतले सहकारिताको माध्यमबाट समृद्धिको मन्त्रलाई अनुसरण गरिरहेको कुरा बताउनुभयो। यस अवसरमा श्री मोदीले अन्तरराष्ट्रिय सहकारिता वर्ष 2025-माथि एउटा स्मारक डाक टिकट जारी गर्नुभयो।

सम्मेलनमा भुटानका प्रधानमन्त्री श्री दाशो छेरिङ तोब्गे, फिजिका उपप्रधानमन्त्री श्री मनोआ कामिकामिका र गृह मन्त्री श्री अमित साह उपस्थित हुनुहुन्थ्यो।

उल्लेखनीय छ, अन्तरराष्ट्रिय सहकारी गठबन्धनको एक सय तीस वर्षको इतिहासमा भारतमा पहिलोपल्ट विश्व सहकारी सम्मेलन तथा महासभा आयोजना गर्रिँदैछ।

---------------------------------------X--------------------------------------- Constitution Day

कन्द्र सरकारले संविधानलाई अपनाएको पचतरौं वर्षगाँठ पालन गर्न अभियान चलाउने घोषणा गरेको छ, जुन देशभरी भोलीदेखि शुरू भएर आगामी २०२५-को छब्बीस नोभेम्बरसम्म चल्नेछ। उल्लेखनीय छ, छब्बीस नोभेम्बर, 1949-मा भारतको संविधान सभाले अपनाएको संविधान छब्बीस जनवरी, 1950-मा देशमा लागू भएको थियो।
संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले नयाँ दिल्लीमा भन्नुभयो कि संविधान सदनको सेन्ट्रल हलमा भोली आयोजना गरिने भव्य कार्यक्रममा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु सहभागी बन्नुहुनेछ। यो समारोह 'हाम्रो संविधान, हाम्रो स्वाभिमान' अभियानअन्तर्गत आयोजन गर्रिँदैछ।
यता सिक्किममा राज्य स्तरीय कार्यक्रम भोली चिन्तन भवनमा आयोजन गरिनेछ। राज्य सरकारको गृह विभागले एउटा अधिसूचना जारी गर्दै सबै जिल्ला अनि महकुमा स्तरमा सम्बन्धित जिल्लाधीश र महकुमा अधिकारीलाई यो कार्यक्रम आयोजन गर्नका साथै संविधानको प्रस्तावना पठन गर्ने अनुरोध गरेको छ।

---------------------------------------X---------------------------------------

5G Laboratory

असम इलेक्ट्रोनिक विकास निगमद्वारा सञ्चमान लिम्बू सरकारी महाविद्यालय, आरिगाउँमा 5G प्रयोगशालाको स्तरोन्नतीमाथि प्रारम्भिक बैठक बस्यो। गेजिङ जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा बसेको बैठकको अध्यक्षता अतिरिक्त जिल्लाधीश श्री सुरेश राईले गर्नुभयो।

ज्ञात रहोस, यस महाविद्यालयमा 5G अनुभव केन्द्रको उदघाटन तत्कालिन उत्तरपूर्वी क्षेत्र विकास (डोनर) मन्त्री श्री G किसन रेड्डीले गत वर्षको तीस सितम्बरमा गुवाहाटीबाट गर्नुभएको थियो।
आज बसेको बैठकमा मुख्य रूपमा जिल्लामा उद्यमितालाई प्राथमिकता दिनका साथै वृद्धि गर्ने उद्देश्यले यस पहलको कार्यान्वयनमाथि चर्चा गरियो। पूर्वोत्तर परिषदको 5G अनुभव केन्द्र पहललाई असम इलेक्ट्रोनिक्स विकास निगम लिमिटेडले कार्यान्वयन एजेन्सीका रूपमा लिएको छ अनि यस अत्याधुनिक 5G-ले नवाचार र अनुप्रयोगको केन्द्रका रूपमा काम गर्दछ।

---------------------------------------X---------------------------------------

Road Infrastructure in Sikkim

सिक्किमको अर्थतन्त्रका निम्ति पर्यावरण मेरूदण्ड हो अनि राज्यमा पर्यटकहरूको आकर्षणका निम्ति मंगन जिल्लाका लाचेन, लाचुङ, गुरूदोङमार फूलको बगैंचा र जिरो पोइन्ट प्रमुख पर्यटन स्थलहरू हुन्। यसरी नै सड़क पूर्वाधार कुनै पनि राज्यको आर्थिक वृद्धि र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने तत्वहरूमध्ये एउटा हो। तथापि, गत वर्षको अक्टोबर महिनामा आएको जलप्रलयपछि विशेषगरी मंगन जिल्लाले सड़क पूर्वाधारमा भएको व्यापक क्षतिका कारण दुःख झेल्नुपऱ्यो। यसैबीच परेकोको भारी अनि अबिराम वर्षा र पहिरोबाट सड़क पूर्वाधारलाई क्षति पुग्यो।

यस्तो अवस्थाबीच प्रमुख सड़क निर्माण एजेन्सी सीमा सड़क संगठनको परियोजना स्वस्तिकले यस जिल्लालाई राज्यका अन्य भागहरूसित जोड्न सड़क मार्गको मरम्मत गर्ने कार्यमा कुनै कसर बाँकि राखेन। सिक्किममा लामो मनसुनको मौसम समाप्त भइरहेको समयमा परियोजना स्वस्तिकका साहसी श्रमिकहरू क्षतिग्रस्त सडक पूर्वाधारलाई दहहिलो बनाउनमा लागि परेका छन्।

---------------------------------------X---------------------------------------

Sikkim U-13 Badminton Team

तेह्र वर्ष आयुवर्ग मुनिको सिक्किमको ब्याडमिन्टन टोलीले Sub Junior Nationals 2024-मा राज्यलाई प्रतिनिधित्व गर्नेछ। टोलीमा तीनजना ठिटा र दुईजना ठिटी गरी कुल पाँचजना सदस्य रहेका छन्। आगामी सत्ताइसदेखि तीस नोभेम्बरसम्म जम्मुमा सम्पन्न हुने प्रतियोगिताको आयोजना भारतीय ब्याडमिन्टन संगठनले गरिरहेछ। प्रतियोगितामा भाग लिइरहेको राज्यको टोलीमा सन्दिपन सिलाल, पुर्भान्स प्रसाद, अलविन राई, सुरभी गुरूङ र आकृति अधिकारी रहेका छन्।

टोलीमा आफ्नो आयुवर्गमा असाधारण कौशल र समर्पणको प्रदर्शन गरिसकेका खेलाड़ीहरू पनि शामेल छन्। दुईजना अधिकारीहरू पनि रहेको टोलीको नेतृत्व प्रमुख ब्याडमिन्टन प्रशिक्षक श्री समिर गुरूङले गरिरहनुभएको छ।

---------------------------------------X---------------------------------------

Sikkim Athletes

सिक्किमका आठजना खेलाड़ीहरूले भारतीय प्यारालम्पिक समितिले आयोजना गरिरहेको पहिलो उत्तरपूर्वी प्यारालम्पिकमा राज्यलाई प्रतिनिधित्व गर्नेछन्। गुवाहाटीको सरुसजाई स्टेडियमममा हुने यो प्रतियोगिता यसै महिनाको सत्ताइस तारिकदेखि शुरू भएर उन्तीस तारिक समापन हुनेछ।

राज्यका खेलाड़ीहरूले पौडी, टेबलटेनिस, ब्याडमिन्टन र एथलेटिक्स आदि जस्ता चारवटा क्षेत्रमा आफ्नो कला प्रस्तुत गर्नेछ्।

खेल सचिव श्री मिङमा T शेर्पाले आज आयोजित एउटा प्रेस वार्तामा यस विषयको जानकारी दिँदै राज्य सरकारले चाड़ै विकलाङ्गहरूका निम्ति एउटा संगठन खोल्ने घोषणा गर्नुभयो। उहाँले भन्नुभयो, यस संगठनअन्तर्गत यस्ता प्रतियोगिताहरूमा उनीहरूले भाग लिन सक्नेछन् साथै उनीहरूलाई यहाँबाट प्रशिक्षित पनि गराउन सकिनेछ।

----------------------------------------X----------------------------------------